# पुर्चौंडी नगरपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि-२०७७

पुर्चौंडी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय हाँट, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल ।

# आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७७

**प्रस्तावनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १०, दफा ७० र "**पुर्चौडी नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७**" बमोजिम यस पुर्चौडी नगरपालिका स्थानीय संचित कोषबाट रकम विनियोजन गरि आर्थिक सहायता कोषको स्थापना गरिएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ र पुर्चौडी नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७ ले दिएको अधिकारको प्रयोग गरि यस नगर कार्यपालिकाले नगरपालिकाको अधिकार क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्यून आर्थिक स्थिति भएका दिर्घरोगी जस्तै मुटु, क्यान्सर लगायतका मानव जीवनमा गम्भीर असर पार्ने तथा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिलाई नियन्त्रण गर्न एवं आर्थिक अवस्था कमजोर भएका जेहन्दार विद्यार्थीहरु लाई आर्थिक सहायताका लागि एक आर्थिक सहायता कोष स्थापना गरी सो कोषको व्यवस्थापन गर्न बान्छनिय भएकाले पुर्चौडी नगरपालिकाको मिति २०७७।०२।१३ गते बसेको नगरकार्यपालिकाको बैठकले यो कार्यविधि लागु गरेको छ ।

नगर प्रमुख

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस कार्यविधिको नाम "पुर्चौडी नगरपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७७ " रहेको छ।

२. यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट पास भएपछि तुरुन्त लागु हुनेछ।

**२. परिभाषाः विषय र प्रसँग अर्को अर्थ नलागेमा,**

(क) "नगरपालिका" भन्नाले पुर्चौडी नगरपालिकालाई सम्झनुपर्छ।

(ख) "नगर कार्यपालिका" भन्नाले पुर्चौडी नगरकार्यपालिका सम्झनु पर्छ।

(ग) "प्रमुख" भन्नाले पुर्चौडी नगरपालिकाको प्रमुख सम्झनु पर्छ।

(घ) "न्यायिक समिति" भन्नाले पुर्चौडी नगरपालिकाको न्यायिक समितिलाई सम्झनु पर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पुर्चौडी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(च) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले आर्थिक रुपले विपन्न, गरिबीको रेखा मुनी रहेका, दीर्घ रोगी, मुटु, कलेजो, फोक्सो, मृगौला, क्यान्सर, टि.बी. जस्ता शरीरको महत्वपूर्ण अंगका रोगी तथा एच.आइ.भि. संक्रमित बालबालिका, हिंसा पिडित, अशक्त, असाहय, अपाङ्ग, आमा र बुवा दुबै नभएका टुहुरा तथा असहाय बालबालिका, दुर्घटनामा परेका, बाढी पहिरो, आगलागीबाट घरगोठ बिहिन भएका लगायत प्राकृतिक तथा दैबीप्रकोपमा परेका, सुत्केरी आमा र बच्चा, विपन्नताको कारण औषधी उपचारबाट बन्चित लगायतमा समस्या ग्रस्त नागरिकहरु,जनप्रतिनिधि र कर्मचारीहरुलाई समेत सम्झनु पर्छ।

नगर प्रमुख

## परिच्छेद २

### आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. दीर्घ रोगी तथा क्यान्सर पीडितहरुलाई सहायताः**

(१) आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी- मुटु, मृगौला, फोक्सो, कलेजो, पक्षघात, क्षयरोग बिग्रेका, एच.आई.भि. संक्रमित तथा क्यान्सर पीडित व्यक्तिहरुलाई आर्थिक सहयता गर्न सकिनेछ।

(२) आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित नगरपालिकामा निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन माथि नगर कार्यपालिकाले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा बिमारीको अवस्था हेरी रु. बीस हजार देखि रु. एक लाख सम्म आर्थिक सहायता दिन सकिनेछ। तर, बहाल वाला पदाधिकारी तथा कर्मचारीको हकमा अवस्था हेरी बढीमा रु. दुई लाख सम्म आर्थिक सहायता प्रदान गर्न सकिनेछ। साथै निशुल्क उपचारको लागि सिफारिस समेत गर्न सकिनेछ।

**स्पष्टीकरणः**"आवश्यक कागजात" भन्नाले आर्थिक रुपले विपन्न भनी आधिकारीक सरकारी निकायबाट प्रमाणित कागज, डाक्टरको रिपोर्ट, स्थानीय स्वास्थ्य संस्थाबाट सिफारिस, उपचारका विल भर्पाई, नागरिकता वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि लगायत कागजात सम्झनु पर्छ।

**४. जटिल किसिमका सुत्केरी समस्या, हिंसा पीडित महिला तथा बालबालिकालाई सहायताः**

(१) सुत्केरी महिला, हिंसा पीडित, बाममहिला हिंसामा परेका तथा बालबालिकाको तत्काल उद्धार गरी उपचार गर्न तथा जीवन यापन गर्न राहात स्वरुप नगरपालिकाले नगर प्रमुखको सिफारिसमा बढीमा रु. चालिस हजार देखि रु. पँचास हजारसम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(२) आर्थिक सहायताको निवेदन र आवश्यक कागजातहरु पेश गर्नु पर्ने छ।

नगर प्रमुख

५. प्राकृतिक प्रकोप तथा मानव सृजित प्रकोपबाट पीडितहरु/आर्थिक अवस्था कमजोर भएका जेहेन्दार बिद्यार्थीहरुलाई सहयोगः

(१) प्राकृतिक प्रकोप तथा मानव सृजित प्रकोपहरु बाढी, पहिरो, आगलागी, चट्याङ्, भुकम्पबाट पिडितहरुलाई आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(२) प्राकृतिक प्रकोप तथा मानव सृजित प्रकोपहरु बाढी, पहिरो, आगलागी, चट्याङ्, भुकम्पबाट पीडित व्यक्ति वा परिवारलाई देहाय बमोजिमको आधारमा आर्थिक सहायता उपलब्ध गराइनेछ।

(क) प्रकोपबाट कुनै व्यक्तिको मृत्यु भएमा नजिकको हकवालालाई बढीमा रु. असी हजार सम्म उपलब्ध गराउन सकिनेछ।

(ख) प्रकोपबाट कुनै व्यक्तिको अंगभंग भएमा पीडितलाई बढीमा रु. दश हजार देखि पचास हजास सम्म उपलब्ध गराउन सकिनेछ।

(ग) प्रकोपबाट कुनै व्यक्तिको घरवास भत्किएर आंशिक वा पुरै क्षति भएमा रु. पाँच हजार देखि बढीमा रु. तिस हजार सम्म उपलब्ध गराउन सकिनेछ।

(घ) प्रकोपबाट कुनै व्यक्तिको पशु चौपायाहरुको क्षती भएको अवस्था हेरी रु. दुई हजार देखि रु. बिस हजार सम्म उपलब्ध गराउन सकिनेछ।

(ङ) बाढी पहिरोमा परी परिवार विस्थापित हुने अवस्था भएमा रु. दशहजार देखि रु. पचास हजार सम्म उपलब्ध गराउन सकिने छ।

(३) उपदफा (२) बमोजिम आर्थिक सहायता प्राप्त गर्नका लागि पीडितले प्रहरी रिपोर्ट, वडा कार्यालयको सिफारिस साथै आवश्यक कागजात सहित नगर कार्यपालिका कार्यालयमा निवेदन दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि नगरपालिकाले आवश्यक परेमा स्थलगत निरीक्षण समेत गरि रु. चालिस हजार सम्म प्रमुखले सिफारिस गरि प्रमुख प्रशासकीय अधिकृतले र सो भन्दा माथि कार्यपालिका/ समितिको निर्णयबाट उपलब्ध गराइनेछ।

नगर प्रमुख

(५) यस दफा (६) को आर्थिक सहायता सम्बन्धमा व्यक्ति वा परिवारको लापरवाहीको कारणबाट क्षति भएमा कुनै पनि सहायता उपलब्ध हुने छैन।

बहालवाला पदाधिकारी तथा कर्मचारीहरुको पदमा बहाल रहेकै अवस्थामा मृत्यु भएमा नीजनको परिवार (६) लाई बढीमा पाँच लाख सम्म आर्थिक सहायता प्रदान गर्न सकिनेछ। कार्यालय कामकाजको शिलशिलामा पदाधिकारी तथा कर्मचारी प्रकोपमा लगायत कुनै प्रकारको भवितव्यमा परि अंगभंग एवमं चोटपटक लागेमा अवस्था हेरी बढीमा रु. बीस हजार देखी पँचास हजार सम्म तत्काल प्रमुख प्रशासकीय अधिकृतले दिन सकिनेछ। थप दिन कार्यपालिकाको निर्णय अनुसार थप सहायता दिन सकिनेछ।

(६) आर्थिक सहायता अधिकार नभएर सहयोगको रुपमा मात्र रहनेछ।

**नोटः पचास हजार सम्मको आर्थिक सहायता प्रमुखको सिफारिसमा सिधै प्रमुख प्रशासकीय अधिकृतले र सो भन्दा माथिको सहायता नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।**

नगर प्रमुख

## परिच्छेद-३

## विविध

**६. निवेदनको ढाँचाः** दफा ३,४,५ बमोजिम सहायता पाउन अनुसूची १ को ढाँचामा निवेदन दिनुपर्नेछ।

**७. अधिकार प्रत्योजन गर्न सकिनेः** यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धी निर्णयको अधिकार नगरकार्यपालिकाले प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतलाई दिन सक्नेछ।

**८. आर्थिक सहायता तथा आकस्मिक कोषः**

(१) यस कार्यविधि अनुसार आर्थिक सहायता दिने एवं प्राकृतिक र गैर प्राकृतिक प्रकोप पिडीतलाई राहत, उद्धार तथा पुनर्स्थापना गर्ने र अन्य आकस्मिक कार्यको प्रयोजन लागि एक आर्थिक सहायता तथा आकस्मिक कोष स्थापना गरिने छ।

(२) आर्थिक सहायता तथा आकस्मिक कोषमा देहायको रकम जम्मा गरिने छ।

(क) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट कोषको लागि प्राप्त अनुदान रकम।

(ख) सरकारी तथा गैर सरकारी संघसंस्थाबाट कोषको लागि प्राप्त रकम।

(ग) आर्थिक सहायता, प्रकोप पीडितको उद्धार, राहत तथा पुनर्स्थापनाको लागि प्राप्त जुनसुकै रकम।

(३) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको सयुंक्त दस्तखतबाट हुनेछ।

(४) आर्थिक सहायता तथा आकस्मिक कोष सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ।

नगर प्रमुख

**९. संशोधन तथा खारेजीः**

(१) यस कार्यविधिमा कुनै कुरा संशोधन गर्न परेमा वा थप घट गर्न परेमा कार्यापालिकाको निर्णय बमोजिम हुनेछ ।

(२) यस कार्यविधिमा भएको व्यवस्था संविधान, संघीय तथा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

नगर प्रमुख

# अनुसूची-१

मितिः

श्रीमा नगरपालिका प्रमखु ज्यू,
पुर्चौडी नगरपालिका हाँट, बैतडी ।

विषयःआर्थिक सहायता उपलब्ध गराईदिन हुन ।

महोदय,

प्रस्तुत विषयमा म/हामी ..........................................रोगले ग्रसित भई ..........................गर्नु पर्ने व्यहोरा अवगत गराउँदछु/छौँ । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सोको लागि नगरपालिकाको नियम अनुसार आर्थिक सहायता उपलब्ध गराई निश्ल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस समेत गरिदिनु हुन तपशिलका कागजातहरु यसै साथ संलग्न राखी पेश गर्दछुँ/गर्दछौँ।

तपशिलः

१. विपन्नताको सिफारिस तथा प्रमाणपत्रको प्रतिलिपि
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/राष्ट्रिय परिचयपत्रको प्रतिलिपि
३. डाक्टर तथा अस्पतालको रपोर्ट
४. स्थानीय स्वास्थ्य संस्थाको सिफारिस पत्र
५. .............................................................

निवेदकः
नाम थर/ठेगानाः............................
हस्ताक्षरः.....................................

नगर प्रमुख

## अनुसूची-२

मितिः

श्रीमा नगरपालिका प्रमखु ज्यू,
पुर्चौडी नगरपालिका हाँट, बैतडी।

विषयःआर्थिक सहायता उपलब्ध गराईदिन हुन।

महोदय,

प्रस्तुत विषयमा म/हामी ..........................................रोगले ग्रसित भई ..........................गर्नु पर्ने व्यहोरा अवगत गराउँदछु/छौं। उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सोको लागि तत्काल...........................गर्नुपर्ने भएकोले नगरपालिकाको नियम अनुसार आर्थिक सहायता उपलब्ध गराई ................................लागि सम्बन्धित निकायमा सिफारिस समेत गरिदिनु हुन तपशिलका कागजातहरु यसै साथ संलग्न राखी पेश गर्दछुँ/गर्दछौँ।

तपशिलः

१ विपन्नताको सिफारिस तथा प्रमाणपत्रको प्रतिलिपि
२ नागरिकता/जन्मदर्ता/विवाहदर्ता/राष्ट्रिय परिचयपत्रको प्रतिलिपि
३ डाक्टर तथा अस्पतालको रपोर्ट
४ स्थानीय स्वास्थ्य संस्थाको सिफारिस पत्र
५ ..........................................................

नगर प्रमुख

निवेदकः
नाम थर/ठेगानाः............................
हस्ताक्षरः......................................